ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-१२, २०७५ साउन ५ गते, शनिबार (July 21, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६

पृष्ठ ४ मा




यातायात समिति नवीकरण नहुने

# औद्योगिक क्षेत्र हो की गौचरण ?

सप्तरी / सरकारको वेवास्ताका कारण सप्तरीमा रहेको गजेन्दनारायण सिंह औद्योगिक क्षेत्र गाईबस्तु चराउने गौचरण भएको छ । यहाँका उद्योग व्यापार व्यवसायी नचले पछि औद्योगिक क्षेत्र गौचरण बनेको हो ।

सरकारी उपेक्षा र विभिन्न समस्याको मार खेप्दैआएको यो औद्योगिक क्षेत्रको पर्खाल गत वर्ष बाढीका कारण भत्केको थियो । तर एक वर्ष वितिसक्दा पनि घेरबेर समेत हुन नसक्दा अहिले गाई, भैंसी, बाख्रा लगायतका पशु चौपाया चराउने स्थलको रुपमा परिणत हुन पुगेको छ ।

२४ वर्षअघि भारत सरकारको सहयोगमा निर्माण भई नेपाल सरकारलाई हस्तान्तरण गरिएको उक्त औद्योगिक क्षेत्र हालसम्म सञ्चालनमा आउन सकेको छैन । त्यसमा निर्माण गरिएका भौतिक संरचनाहरु समेत उचित मर्मत सम्भारको अभावमा जीर्ण बन्दै गएको स्थानीयले बताए । एक वर्ष अघि नै ठाउँठाउँमा पर्खालको ईटा भत्काएर औद्योगिक क्षेत्रभित्र रहेका दर्जनौ सिसौका रुखहरु कटान भई चोरी-तस्करी भईसकेका छन् । हाल पर्खाल समेत नरहेका कारण खुल्ला प्रवेशका कारण भवनको झ्याल ढोका लगायतका भौतिक संरचनाहरु समेत तोडफोड हुन थालेको तथा चोरी हुने सम्भावना समेत बढेको स्थानीयवासिन्दा समेत रहेका राजविराज नगरपालिका वडा नम्वर-९ मलेठका गंगाई यादवले बताए ।

औद्योगिक क्षेत्रको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उनले भने 'औद्योगिक निर्माण गर्ने बेलामा यहाँका वासिन्दाले खुशीखुशी जग्गा दियौं सञ्चालनमा आएपछि हामीले रोजगारी पाउने विश्वासका साथ तर अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन ।' त्यत्रो आन्दोलन गरेर देशमा संघीयता आउँदा पनि प्रदेश सरकारले समेत यो ओद्योगिक क्षेत्रलाई उपेक्षा गरेको स्थानीयवासिन्दाको गुनासो छ ।



माओवादी जनयुद्ध तथा तराईमा जारी सशस्त्र द्वन्द्वको मार खेप्दैआएको राजविराज औद्योगिक क्षेत्र वर्तमान अवस्थामा संरक्षण सम्वर्द्धन एवम् सञ्चालनकालागि खासै पहल हुन नसकेकोप्रति सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष अरुण कुमार प्रधानले चिन्ता व्यक्त गरे । वर्तमान संघीय संरचनामा प्रदेश नम्वर २ अन्तर्गतको रुपनी गाउँपालिका वडा नम्वर-५ मा रहेको यो औद्योगिक क्षेत्रमा वर्षौंदेखिको समस्याहरुको पहिचान गरी सञ्चालनका लागि तत्काल पहल हुनुपर्ने बताउँदै उनले भने 'यो औद्योगिक क्षेत्रमा देखिएका समस्याहरु अविलम्व समाधान गरी औद्योगिकमैत्री वातावरण निर्माण हुनु जरुरी छ ।'

औद्योगिक क्षेत्र सुरुभएसँगै नेपाल आयुर्वेद

बाँकी अन्तिम पृष्ठमा

## सार्वजनिक जनसरोकार समितिको तालिमले २४१ जना लाभान्भित




फत्तेपुर /सप्तकोशी नगरपालिका-१ स्थित फत्तेपुरमा एक बर्ष अघिदेखि संचालनमा आएको सार्वजनिक जनसरोकार समितिले आयोजना गरेको विभिन्न तालिमबाट २४१ जना लाभान्भित भएका छन् ।

नगरपालिकाको सहयोगमा संस्थाले विभिन्न वडाहरुमा सीप मुलुक तथा जनचेतनामुलक तालिम आयोजना गरेको संस्थाका अध्यक्ष लेखनाथ घिमिरेले जानकारी दिए ।

उनका अनुसार वडा नं. ४ बलार्दहमा १५ दिने कुसन तथा गुडिया निर्माण सम्बन्धि २८ जना महिलाहरुलाई तालिम दिइएको छ । यस्तै वडा नं. १० कमलपुरका ५० जना कृषकहरुलाई बमौसमी तरकारीखेतीबारे एक हप्ते तालिम आयोजना गरिएको संस्थाका सचिव अनिल पराजुलीले जानकारी दिए ।

सफल उद्योगी बनाउने उद्देश्यले वडा नं. १ मा ३० जना युवाहरुलाई ५ दिने लघु उद्योग व्यवस्थापन सम्बन्धि तालिमको आयोजना गरिएको थियो । यस्तै १ नं. वडामा महिलाहरुको क्षमता विकास तथा सशक्तिकरणका लागि ३ दिने तालिममा ४० जना

बाँकी अन्तिम पृष्ठमा

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्धारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,
नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

## औद्योगिक. . .

मेडिसिन, सरस्वती मेटल उद्योग, प्लाष्टिक दाना उद्योग, महालक्ष्मी खाद्य उद्योगहरु केही समय सञ्चालनमा आएपछि बन्द भएको थियो । गत वर्षको वर्षाका कारण भत्किएको पर्खाल हालसम्म निर्माण नभएका कारण खुला रहेका रहेको पशुचौपाया चराउने गरिएको राजविराज गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख दिपक आचार्यले स्वीकार गरे ।

गौचरणको रुपमा औद्योगिक क्षेत्र प्रयोग भईरहेका कारण आफु एकदमै चिन्तित रहेको बताउँदै उनले भने 'हामीले पर्खालको लागि ईष्टिमेट तयार गरेर दिईसक्दा पनि बजेट आएका छैन, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड विकास समितिले मरम्मत सम्भारका लागि ६ लाख रुपैयाँ विनियोजन गरेको छ तर त्यो पनि प्राप्त नभएको अवस्था छ ।' आफुले व्यक्तिगत तवरबाट पनि औद्योगिक क्षेत्रलाई जोगाउन पहल गरिरहेको जानकारी दिँदै रुपनी गाउँपालिकाबाट प्राविधिकको सहयोगमा १८ लाख रुपैयाँको ईष्टिमेट तयार गरी केन्द्रमा पठाएको बताए ।

औद्योगिक क्षेत्रको दुरावस्थाबारे रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवले आफु चिन्तित रहेको भन्दै केन्द्र सरकार र प्रदेश सरकार गम्भीर हुनुपर्ने बताए । गाउँपालिकाको बजेटले नभ्याउने भएकोले आफुले समेत औद्योगिक क्षेत्रको संरचना सुधार, व्यवस्थापन र सञ्चालनका लागि पहल गरिरहेको उनले जानकारी दिए ।

## सार्वजनिक. . .

महिलाहरु सहभागी भएका थिए । तालिममा महिलाहरु नेतृत्वमा कसरी आउने, संविधानमा महिलाहरुको अधिकार के कस्ता छन् भन्ने बारे प्रशिक्षण गराइएको थियो । यस्तै ३ नं. वडामा १९ जना बेरोजगार युवाहरुलाई एक महिने हाउस वाईरिङ सम्बन्धि तालिम प्रदान गरेको संस्थाले जनाएको छ ।

वृद्ध, वृद्धाहरुको स्वास्थ सुरक्षाका लागि ४ नं. वडामा ६० बर्ष नाघेका ८० जना वृद्ध, वृद्धाहरुको आँखा जाँचसमेत गरिएको संस्थाका अध्यक्ष घिमिरेले जानकारी दिए । स्थापना भएको छोटोसमयमा संस्थाले नगरमा रहेका बेरोजगार युवाशरुका लागि सीपमुलक तालिम प्रदान गरेको छ ।


# सूचना

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरणः ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्योग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः
यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर
डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि
सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा






फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७


प्रमुख सल्लाहकारः डा.महेन्द्र विष्ट, सल्लाहकारः प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रणः शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय....................

# खोला नियन्त्रण जरुरी

खेतिपाती नै मुख्य पेशा भएका सप्तरीका बहुसंख्यक जनताकालागि बर्षा लाग्नै वितिकै पीडामा हुन्छन् । विभिन्न खोलाहरूका कारण प्रत्येक वर्ष बाढीले क्षति पुऱ्याउने गरेको कारणले यहाँका जनताकालागि आफु कसरी सुरक्षित हुने भननेमा नै बढि चिन्ता हुने गरेको छ ।

यहाँका खाँडो, जीता, त्रियुगा, सुन्दरी, बलान, महुलीलगायतका खोला अभिसाप बनेका छन् । यि खोलाले अरूलाई फाईदा पुऱ्याएको होला तर यहाँका बासिन्दालाई यि खोला अभिसाप बनेका छन् ।

सालान्ने आउने बाढीले यहाँका स्थानीयको बेहिसाव जमिन कटान गर्ने गरेको छ । कति पटक मानिस बगाएर नै लगेको छ । सरकारले तटबन्धनका नाममा लाखैं खर्च गर्ने गरेका छ । तर प्रैभावकारी काम नहुदा बर्षायमको पानी थेग्दैन् । विभिन्न खोलाबाट आउने गरेको बाढीले वर्षौदेखि सप्तरीमा ब्यापक रुपमा क्षति पुऱ्याईरहेपनि तिनको नियन्त्रणकालागि प्रभावकारी तवरले काम हुन नसक्नु विडम्बना हो ।

खोलाको बाढी नियन्त्रणका लागि भईरहेको कामको गुणस्तरका बारेमा पनि अव स्थानीयले पनि चासो देखाउनु पर्दछ । राज्यको लगानी कति भइरहेको छ । कसरी हुदैछ । त्यसबारे आम नागरिकमा चासो हुनु पर्दछ । राज्यले यि नदिहरुमा स्थायी तटबन्धनका लागि तत्काल काम थाल्नु पर्दछ ।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# सरकार होइन, डा केसी पो रहेछन् कम्युनिस्ट

❑ डा प्रकाश बन्जाडे

डा गोविन्द केसीको माग पूरा गर्दा विचारका सच्चा कम्युनिस्ट भनिनेसँग अब आममानिसले प्रश्न गर्ने बेला आएको छ। व्यवहारका सच्चा कम्युनिस्टले गर्नुपर्ने काम डा केसीले गरेर सरकारलाई सहयोग गरिदिँदा पनि दुई तिहाइको 'कम्युनिस्ट' सरकारले अनुशरण नगरिरहँदा सरकार कम्युनिस्टहरुकै हो कि होइन भन्ने सवाल खडा भएको छ। आखिर व्यवहारका सच्चा कम्युनिस्ट त डा केसी नै रहेछन् ।

कम्युनिस्ट सरकारमा छ, तर कमरेड 'चे ग्वेभारा', 'फिडेल क्यास्ट्रो'का रुपमा केसी कम्युनिस्ट सरकारले गर्नुपर्ने मूल कामका लागि अनसन बस्नुपरेको छ। आमनागरिकको आशा कम्युनिस्ट सरकारसँग नभई डा केसीमा अडिएको छ ।

चे ग्वेभारा अर्जेन्टिनाका मार्क्सवादी क्रान्तिकारी नेता थिए, जसले क्युबाको क्रान्तिमा मुख्य भूमिका निभाए। उनी डाक्टर, लेखक, गुरिल्ला नेता, सामरिक सिद्धान्तकार र कूटनीतिज्ञ पनि थिए, जसले दक्षिण अमेरिकाका धेरै राष्ट्रमा क्रान्ति ल्याए ।

फिडेल क्यास्ट्रो क्युबाका नेता हुन्। सोभियत संघको पतनपछि पनि कम्युनिस्ट नेता क्यास्ट्रोले आफ्नो शासनलाई निरन्तरता दिन सक्नु आश्चर्यको घटना थियो। क्यास्ट्रोको नेतृत्वमा क्युबाले स्वास्थ्य र शिक्षामा ठूलो प्रगति गर्‍यो। क्युवाले आर्जन गरेको स्वास्थ्य र शिक्षा क्षेत्रको उपलब्धिलाई संसारभर उदाहरणका रुपमा लिइन्छ ।

क्यास्ट्रोको शासनकालमा क्युबामा गुणस्तरीय चिकित्सा सेवा निःशुल्क उपलब्ध भयो। हामीकहाँ अहिले कम्युनिस्ट सरकार छ, हामीले के मागेका छौं भने- 'शिक्षा-स्वास्थ्यजस्तो संवेदनशील विषय सरकारको हुनुपर्छ। सुलभ र विश्वसनीय हुनुपर्छ। नाफा कमाउने मात्रै प्रमुख उद्देश्य भएका निजी क्षेत्रलाई शिक्षा-स्वास्थ्यमा प्रवेश दिनुहुन्न ।'

यसो भनिरहँदा समाजवादी हुँदै साम्यवादको सपना बुन्ने कम्युनिस्टहरू खुसी हुनुपर्ने होइन र ?

शिक्षा र स्वास्थ्यजस्ता नागरिकका आधारभूत आवश्यकता पूर्ति भयो भने, नागरिकहरू स्वस्थ र शिक्षित भए भने जस्तोसुकै राजनीतिक वा आर्थिक संकट आइलागे पनि समाज र राष्ट्रले त्यसलाई सामना गर्न सक्छ ।

शिक्षा र स्वास्थ्यमा एउटा सिंगो पुस्ता ठगिएपछि त्यो पुस्ताको जीवनकालभर समाज र राज्यले त्यसको मूल्य चुकाउनुपर्ने हुन्छ ।

नेपालमा चाहिं शिक्षा र स्वास्थ्य क्षेत्रमा लामो समयदेखि रहेका र पछिल्लो समय चुलिएर गएका विकृति र तिनले यो क्षेत्रका नेतृत्वदायी निकायलाई धराशायी पारेको अवस्था अत्यन्तै चिन्ताजनक छ ।

शिक्षा र स्वास्थ्य दुवैको संगम विन्दु चिकित्सा शिक्षामा हाम्रो सिंगो राज्य प्रणालीको स्खलित अवस्था छर्लंग हुँदै गएको छ। आज गलत नियतले, गलत बाटोबाट र सधैंका लागि गलत नजिर स्थापित हुनेगरी आउन लागेका कुनै पनि संस्था रोक्नु महत्त्वपूर्ण हुनेछ । त्योभन्दा महत्त्वपूर्ण कुरा चाहिँ थिति बसालेर सत्ता र शक्तिमा पहुँच हुने र नहुनेहरूलाई राज्यले गर्ने फरक व्यवहार अनि त्यसबाट सिर्जित दण्डहीनताको अन्त्य गर्नु हो। यो एकअर्काको गुनासो गरेर सिन्को नभाँची बस्ने समय होइन। अहिले नागरिकका तर्फबाट निरन्तर खबरदारी गरेर गलत काम रोक्न मात्र सक्यौं भने त्यो आफैंमा ठूलो उपलब्धि हुनेछ। भोलिका दिनमा सत्तामा हुनेहरु स्वेच्छाचारी बन्न हच्किनेछन् ।

अहिले सबैजसो विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप छ। प्रमुख दलले विश्वविद्यालयका सबै पदको भागवण्डा गरी तिनमा योग्यताका आधारमा भन्दा आफ्नो पार्टीसितको आबद्धताका आधारमा भर्ती गरिरहेका छन्। यस्तो व्यवहार बारम्बार भोग्नुपरेपछि सक्षम, योग्य, प्राज्ञिक व्यक्तिहरु स्वभावैले नै पाखा लाग्नेछन् र लागिरहेका छन्। विचारका योद्धाहरूमाथि यस्ता अनेकौं आक्रमण सत्ता र राजनीतिक दलले नै गरिहरका छन ।

हाम्रोजस्तो देशमा क्युबाको जस्तो स्वास्थ्य सेवा प्रणाली अवलम्बन गरे राम्रो हुने देखिन्छ। नेपालले अमेरिकाको जस्तो महँगो स्वास्थ्य प्रणालीको अनुकरण गर्नुको सट्टा कम खर्चमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने क्युबोको जस्तो स्वास्थ्य सेवा प्रणाली अपनाउनुपर्ने हो।

क्युबामा न निजी अस्पताल छन्, न क्लिनिक नै। दुई सय जना बराबर एक जना डाक्टर छन्। जीवन दर (लाइफ एक्सपेक्टेन्सिज) ८० वर्ष छ। यो तथ्यांकले जोकोहीलाई पनि आश्चर्यचकित तुल्याउँछ। जबकि विश्वकै सबैभन्दा विकसित मानिएको अमेरिकामा प्रति ४ सय जनामा १ जना डाक्टर उपलब्ध छन्। क्युबाको स्वास्थ्य प्रणाली विकासोन्मुख देशका लागि मोडल नै मानिन्छ। त्यहाँ डाक्टरको निवास अस्पतालमै हुन्छ, जसले गर्दा बिरामीले चाहेका बेला सेवा लिन सक्छन्। स्वास्थ्य सेवामा अमेरिकाले प्रतिवर्ष प्रतिव्यक्ति ७ हजार डलर खर्च गर्छ भने क्युबाले प्रतिवर्ष जनही ३ सय डलरमात्रै खर्च गर्छ। र, अमेरिकीहरुको तुलनामा क्युबालीहरुको औसत आयु बढी छ।

क्युबाको मेडिकल शिक्षा उत्कृष्ट मानिन्छ। त्यहाँ २१ सरकारी मेडिकल कलेज छन्, जसले बर्सेनि ४ हजार डाक्टर उत्पादन गर्छन्। सबै शिक्षा निःशुल्क छ। क्युबाले 'फेमेली डाक्टर' कार्यक्रमबाट स्वास्थ्य सेवाको क्षेत्रमा ठूलो परिवर्तन ल्याएको छ। त्यहाँका साना सहरमा डाक्टरले निःशुल्क सेवा दिन्छन्। क्युबाली क्रान्तिअघिसम्म धेरै नागरिकलाई स्वास्थ्य सुविधा उपलब्ध थिएन। ग्रामीण भेगका लागि फाट्टफुट्ट मात्र डाक्टर हुन्थे भने सहरमा माथिल्लो वर्गका मानिससँग मात्र स्वास्थ्य सुविधा लिन सक्ने हैसियत थियो। तर, अहिले यो अवस्थामा आमूल परिवर्तन आएको छ ।

सन् १९९७ सम्ममा क्युबामा एस्पिरिनजस्ता साधारण औषधि पनि पाइँदैनथियो। पसलमा नपाइएका औषधि कालोबजारमा पाइन्थ्यो। डाक्टर, नर्स तथा सफाई कामदारले औषधिको गैरकानुनी व्यापार गर्थे। औषधि आपूर्तिमा गम्भीर असर देखा परेपछि क्युबाले आन्तरिक रुपमा औषधिको विकल्प खोजी गर्‍योर। यसैको फलस्वरुप अहिले क्युबासँग अत्याधुनिक बायोटेक्नोलोजी उद्योग छन्। जसले एड्सको औषधि पत्ता लगाउन अनुसन्धान गरिरहेको छ ।

क्युबामा स्वास्थ्य सेवालाई मानवअधिकारका रुपमा लिइन्छ। राज्यले पनि स्वास्थ्यलाई राष्ट्रिय प्राथमिकतामा राखेको छ। यहाँको स्वास्थ्य नीतिले पूर्वसावधानी, प्राथमिक उपचार, समुदायमा सेवा र नागरिकको सक्रिय सहभागितालाई महत्व दिएको छ। सीमित आर्थिक स्रोत(साधनका बाबजुद क्युबाले विश्वमै सबैभन्दा कम शिशु मृत्युदर पुर्यागएको छ। क्युबामा हरेक ब्लकमा एकजना फेमेली डाक्टर या जनरल प्राक्टिस्नर खटाइन्छन् ।

डाक्टरको मुख्य दायित्व आफ्नो ब्लकमा सबैलाई खोप दिएको छरछैन, हरेक गर्भवती महिलाले मासिक स्वास्थ्य परीक्षण तथा रक्त परीक्षण गराएका छन्रछैनन् भनेर नियमित अनुगमन गर्नु हो। डाक्टरले लेखिदिएको औषधि सरकारी औषधि पसलबाट मात्रै किन्नुपर्छ। यदि, बिरामीलाई थप उपचार वा केयरको आवश्यकता छ भने उसलाई सरकारी अस्पताल पठाइन्छ ।

क्युबाको स्वास्थ्य सेवालाई अनुशरण गर्ने हो भने हाम्रो देश पनि सहजै त्यो अवस्थामा पुग्न सक्छ। डा गोविन्द केसीले राख्दै आएका मागको ध्येय पनि सबैको पहुँचमा स्वास्थ्य सेवालाई पुर्या उनु हो। बिरामी तथा चिकित्सकबीचको ठूलो खाडल नेपालको स्वास्थ्य प्रणालीको प्रमुख समस्या नबनोस् भन्ने हो ।

नेपालमा मुगु र काठमाडौंका बासिन्दाको औसत आयुमा १५ वर्षको फरक छ। स्वास्थ्य सेवामा गरिब जनताको पहुँच घट्दै गएको छ। यस्तो किन भइरहेको छ भनेर सचेत नागरिकले आवाज उठाउनै पर्छ ।

'स्वास्थ्य शिक्षा सुलभ हुनुपर्छ' भन्दा नागरिकले यो हदको अपमान बेहोर्नुपर्ने 'समाजवाद उन्मुख' राज्य संसारमा कहीँ छ र? यो देश गरिब, गाउँले, सोझासीधा अझ कम्युनिस्टका शब्दमा भन्ने हो भने सर्वहाराको पनि हो भने, शिक्षा र स्वास्थ्यमा कमाउधन्दा बन्द गर्नैपर्छ। डा केसीका माग पूरा गरी उनको जीवन रक्षा गर्न ढिला गर्नु हुँदैन। जनताका पक्षमा भोकै लडिरहेका डा केसीका मागलाई आमनागरिकले पार्टीगत रुपमा विभाजित भएर हेर्नु हुँदैन ।

दुई तिहाइको शक्ति बोकेको सरकार र आमनागरिकले अबको समय पूर्वाग्रह र संकीर्णता त्यागेर उदार दिलले भविष्यतिर फर्केर निर्णय लिने बेला हो ।

यदि राज्यले जनताका पक्षमा निर्णय लिन सक्दैन, जनताको आवाज कुल्चिन खोज्छ र हामीलाई राज्यले गर्नैपर्ने सहयोग गर्दैन भने त्यसलाई खोसेर लिनुपर्छ ।

नागरिकका लागि आधारभूत आवश्यकताभित्र पर्ने स्वास्थ्य सेवा र शिक्षा पूरा गर्न कठिनाइ नहुने वातावरण मिलाउनु राज्यको जिम्मेवारी हो। स्वास्थ्य सेवा गुणस्तरीय हुनुपर्छ अनि आममानिसको पहुँचमा र उनीहरुका लागि सुलभ हुनुपर्छ ।

हाम्रो संविधानले भनेजस्तै स्वास्थ्य सेवा पनि राज्य एक्लैले हात लिएर निजी क्षेत्रलाई निषेध गर्ने सक्ने अवस्था नहोला तर भ्रष्टहरुसितको मिलेमतोमा स्वास्थ्य सेवाको गुणस्तरमा सम्झौता हुने र आममानिसको स्वास्थ्य जोखिममा पर्ने अवस्थाको अन्त हुनुपर्छ। किनकि नैतिकताको बलमा अनसन बसेका डा केसीलाई सरकारले पेलेर जान्छु भन्ने ठान्छ भने त्यो ठूलो गल्ती हुनेछ ।

# रोग प्रतिरोधक क्षमता बढाउँने खानेकुराहरु



डा विप्लव सापकोटा

अत्यासलाग्दो गर्मी लगत्तै आउने वर्षायामको मौसम त रमाइलो नै हुन्छ। तर वर्षायामले सुन्दर र रमाइलो मौसम मात्रै लिएर आउँदैन।

वर्षायाममा तपाईले नचाहेको स्वास्थ्य समस्याले तपाईलाई सताउन पनि सक्छ। यस ऋतुमा खासगरि रुघाखोकी, चिसो, पखाला र फ्लु जस्ता समस्याले तपाईलाई सताउन सक्छन्।

तपाईले विशेष सावधानी राखेर आफ्नो खानामा सुधार गर्नुभयो भने तपाईले यस मौसममा आफूले चाहेको जस्तो खुसीयाली पाउन सक्नुहुन्छ। यसको लागि तपाईले आफ्नो खानामा थोरै परिवर्तन गरेर आफ्नो पाचन प्रणालीलाई सजिलो हुने खाना खाँदा उपयुक्त हुन्छ। यस्तै तपाईले आफ्नो मेटाबोलिक स्तरलाई बढाउन पनि सक्नुहुन्छ।

यी हुन वर्षायाममा तपाईले आफ्नो खानामा समावेश गर्नुपर्ने १० चीज

**१. लसुन**

एन्टिअक्सिडेन्टले भरिपूर्ण लसुन प्रतिरक्षा प्रणाली बढाउन उपयोगी हुन्छ। साथै, यसले तपाईको पाचनप्रणालीलाई सजिलो बनाउँछ र मेटाबोलिक रेट घट्न दिँदैन। तपाईले आफ्नो खानामा लसुनको पोटीलाई थिचेर राखेमा त्यसले खानाको स्वाद पनि बढाउँछ र स्वास्थ्यलाई पनि राम्रो गर्छ।

**२. अदुवा**

वर्षायामको बारेमा सोच्दा धेरैको दिमागमा सबैभन्दा पहिले अदुवाको चिया दिमागमा आँउछ। अदुवाको आगो जस्तो प्रकृतिले तपाईको मुड पनि ठिक बनाउँछ र तपाईको मेटाबोलिजमको स्तर पनि बढाउँछ। ताजा अदुवा एक कप तातोपानीमा राखेर त्यसमा एउटा कागती थिच्नुहोस्। त्यसमा एक चम्चा मह थपेर सेवन गर्नुभयो भने यसले धेरै राम्रो गर्छ।

**३. नास्पाती**

नास्पातीको रोग प्रतिरोधी क्षमता बढाउने गुणको बारेमा धेरैले चर्चा गर्दैनन् तर यो धेरै कमालको फल हो। यो स्वादिलो फलमा भिटामिन मिनरल्स अत्याधिक प्रचुर मात्रामा पाइन्छ, जसले तपाईलाई रोगहरुबाट बचाउँछ।

यसमा कपर भिटामिन सी र भिटामिन बि१२ पनि प्रचुर मात्रामा पाइन्छ। यसले शरीरलाई चिस्याउने भएकाले ज्वरो कम गर्न पनि सघाउँछ। त्यसैले वर्षायाममा दैनिक एक गिलास ताजा नास्पाती खाने गर्नुहोस।

**४. बेसार**

मसलाको रुपमा प्रयोग हुने यो पहेँलो धुलो प्रतिरोधी प्रणाली बढाउनको लागि धेरै नै उपयोगी हुन्छ। यो प्राकृतिक एन्टिसेप्टिक र एन्टिवायोटिक एजेन्ट पनि हो। त्यसैले तपाईलाई रुघाखोकी वा ज्वरो खाएको बेलामा दुधमा बेसार मिसाएर पिउने सल्लाह दिइन्छ।

बेसारले रगतमा सुगरको लेभल नियन्त्रण गर्न पनि सघाउँछ। वर्षायाममा बिरामीबाट बच्न एक गिलास दुधमा आधा चम्चा बेसार र एक चम्चा मह राखेर खानुहोस्।

**५. मरिच**

आफ्नो अमलेट, सुप वा खिचडीमा थोरै मरिच राखेर खाने गर्नुहोस्। यो पिरो कालो दाना स्वादिलो मात्रै हुँदैन यसमा स्वास्थ्य राम्रो बनाउने धेरै गुणहरु पनि हुन्छ।

ज्वरो खोकी चिसो मांसपेसीको समस्या जस्ता बिरामीको प्राकृतिक औषधी हो। तपाईले आफ्नो खानामा यसलाई राख्नुभयो भने त्यसले धेरै राम्रो गर्छ। आधा चम्चा मरिचको धुलो, आधा चम्चा नै बेसार दुइ चम्चा मह र दुध मिसाएर खानुभयो भने त्यसले तपाईलाई धेरै राम्रो गर्छ।

**६. बदाम**

बदाम प्रोटिनको धेरै राम्रो स्रोत हो। थोरै चिल्लो हुने बदाममा स्वास्थ्यको लागि लाभदायक धेरै खालका पोषकतत्वहरु पाइन्छ। स्वादिलो बदामले तपाईको पाचन प्रणालीलाई सुधार गर्छ , सुगर लेभल नियन्त्रणमा राख्छ र विभिन्न रोगहरु लाग्नबाट बचाउँछ। नियमित केहि बदाम भिजाएर खानुहोस्।

**७. स्याउ**

वर्षायामको सन्दर्भमा हेर्ने हो भने दैनिक एउटा स्याउ खाएमा डाक्टरको जरुरत नै पर्दैन भन्ने भनाइ मेल खान्छ। आफ्नो सन्तुलित र स्वस्थ खानाको हिस्साको रुपमा दैनिक एउटा स्याउ खानुहोस्। तपाईलाई विभिन्न स्वास्थ्य समस्याबाट जोगाउने धेरै थरि तत्वहरु स्याउमा हुन्छन्। यसले तपाईको पाचनप्रणालीलाई राम्रोसँग काम गर्न पनि सघाउँछ।

**८. अनार**

अनारमा विशेषगरि भिटामिन सी पाइन्छ जसले तपाईको शरीरमा भएको प्रोटिनलाई राम्रोसँग काम गर्न सघाउँछ। यसले तपाईको पाचनप्रणालीलाई स्वस्थ र सफा बनाउँछ। साथै यसले तपाईको प्रतिरोधी प्रणाली राम्रो बनाउँछ र तपाईलाई विभिन्न रोगहरुबाट लड्न सघाउँछ।

**९. चुकन्दर**

यसमा विभिन्न पोषक तत्वहरु, भिटामिन र मिनरल्सहरु हुन्छन्। साथै थोरै क्यालोरीको हुन्छ र शाकाहारी मानिसको लागि झनै उपयोगी हुन्छ। तपाईले दैनिक एक गिलास चुकन्दरको जुस पिउन सक्नुहुन्छ र वर्षायामको समयमा आफ्नो स्टामिना ताजा बनाउन सक्नुहुन्छ।

**१०. पानी**

वर्षायाममा तपाईलाई स्वास्थ्य राख्नको लागि पानी सबैभन्दा महत्वपूर्ण चिज हो। धेरै मानिसको चिसो मौसममा पानीको मात्रा घटाउने चलन हुन्छ तर, यसले तपाईलाई विभिन्न स्वास्थ्य समस्याको जोखिममा पार्न सक्छ। दिनमा कम्तीमा पनि ८ गिलास पानी पिउनुहोस्। साथै आफ्नो मेटाबोलिजमलाई कायम गर्न तातो पानी पिएमा झनै राम्रो।

**वर्षायाममा कस्तो खाना खाने ?**

१. नास्पाती, अनार, आँप, अम्बा, स्याउ जस्ता फलफूल धेरै खानुहोस्।

२. सोडियम कम हुने खानाहरु खानुहोस जसले तनाव र शरीरमा पानीको मात्रा कम हुने समस्या घटाउँछ।

३. आफ्नो खानामा जौ, गहुँ र ओट्सहरु समावेश गर्नुहोस्।

४. पानी धेरै हुने खाना भन्दा सुख्खा खानाहरु आफ्नो खानामा समावेश गर्नुहोस्।

५. दहि, दुध र बटर धेरै खानुहोस

६. खानामा तितो सागसब्जी र जडिबुटी जस्तै करेला, निम समावेश गर्नुहोस्।

७. माछामासु र गोलभेडा कम खानुहोस

८. चिया पिउँदा जडिबुटी युक्त चियाहरु पिउनुहोस्। अदुवा, ल्वाङ, मरिच जस्ता चिजहरु चियामा मिसाउन सक्नुहुन्छ।

९. हरियो पात हुने सागसब्जी कम खानुहोस्।

१०. आइसक्रिम जस्ता चिसो खानेकुरा नखानुहोस, बरु घरमै बनाइने सुपहरु पर्याप्त खानुहोस्।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):** आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो):** मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह):** आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो):** पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे):** मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो):** मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते):** प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू):** स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे):** शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी):** समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द):** नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):** पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

# तराईको समग्र विकासका लागि बृहत योजना बनाउने प्रस्ताव

काठमाडौं / प्रधानमन्त्री केपी शर्मा ओलीले तराईको समग्र विकासका लागि बृहत योजना बनाउने प्रस्ताव गरेका छन् ।

राजपाका नेताहरुसँग विहीबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटघाटमा प्रधानमन्त्री ओलीले सो प्रस्ताव गरेका हुन ।

तराईको विकास, चुरे संरक्षणको ठोस कदम, तटबन्ध, उद्योग स्थापनालगायतका लागि बृहत योजना बनाउन प्रधानमन्त्रीले प्रस्ताव गरेका छन् । प्रधानमन्त्री ओलीले तराईको विकासका लागि मानसिकता पनि परिवर्तन गर्नुपर्ने बताएको उनका प्रेस संयोजक चेतन अधिकारीले बताए ।

सुगम ठाउँ भएर पनि न्यून साक्षरता दर, विभिन्न सामाजिक विकृतिबाट तराईका जनतालाई मुक्त पार्नुपर्ने प्रधानमन्त्री ओलीले बताए । उनले भने, 'यी सबै समस्या समाधानका लागि राजनीतिक रुपमा योजना बनाऔं र कार्यान्वयन गरौं ।'

अघिल्लो सरकारका बेला अघि सारेको जनता आवास कार्यक्रम प्रभावकारी नभएकाले त्यसका साटो तराईमा पनि एकीकृत बस्ती बसाउने सरकारको योजना रहेको प्रधानमन्त्रीले राजपा नेताहरुलाई जानकारी गराएका थिए ।

सो अवसरमा राजपाका नेता महन्थ ठाकुरले प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाएका थिए । प्रधानमन्त्री ओलीले ज्ञापनपत्र ग्रहण गर्दै राजपाले पहिला उठाएका कतिपय माग असान्दर्भिक भइसकेको प्रतिक्रिया दिए । 'हिजोका कतिपय माग आज असान्दर्भिक भइसकेका छन् । त्यसमा तपाईंहरुले पनि पुनःविचार गर्नुहोस्- प्रधानमन्त्री ओलीले भने ।



संविधान संशोधनका बारेमा नेताहरुले राखेका जिज्ञासामा प्रधानमन्त्री ओलीले आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन हुने बताए । प्रधानमन्त्री ओलीले भने, 'संविधानमा देखिएका त्रुटिहरुमा छलफल गरौं तर यसैमा अल्झिएर नबसौं । देश विकासमा लागौं ।'

राजपाका नेताहरुले तराईको बाढी, मधेस आन्दोलनका घाइतेको अवस्था र मुद्दा, तराईको विकास, मधेस र थारु आन्दोलनको छानबिनका लागि बनेको आयोगको प्रतिवेदन र संविधान संशोधनका विषयमा प्रधानमन्त्रीसँग छलफल गरेका थिए ।

छलफलमा राजपा नेताहरु ठाकुर, राजेन्द्र महतो, शरत्सिंह भण्डारी, महेन्द्र राय यादव, राजकिशोर यादव र केशव झा सहभागी थिए ।

# साउनेदेखि यातायात समिति नवीकरण नहुने




काठमाडौं र सरकारले यातायात समिति नवीकरण नगर्ने भएको छ । सरकारले सार्वजनिक यातायातमा सुधार ल्याउन एकाधिकार खारेज गर्ने यसअघिको निर्णयानुसार साउनदेखि विभिन्न नाममा समितिमा दर्ता भएका यातायात व्यवसायी समिति तथा संघको नवीकरण नगर्ने भएको गृह मन्त्रालयले जनाएको छ ।

गत असार ३१ गते गृह भौतिक पूर्वाधार तथा यातायातमन्त्री तथा सचिवको बैठकले उक्त निर्णय गरेको हो । गृह मन्त्रालयले हिजो निर्णय सार्वजनिक गर्दै गत वैशाख ४ गतेको निर्णयानुसार यातायात क्षेत्रका विसंगति र विकृति हटाउन यही साउन १ गतेदेखि संस्था दर्ता ऐन २०३४ अनुसार संस्था दर्ता खारेज गर्न प्रक्रिया अघि बढाउने निर्णय भएको जनाएको छ ।

यसैगरी यातायात क्षेत्रसँग सम्बन्धित संघसंस्था र समितिको चल, अचललगायत सम्पत्ति सरकारको मातहत रहने व्यवस्था गृह मन्त्रालयको समन्वयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्ने निर्णय गरिएको छ । सवारी दुर्घटनाका घाइतेको उपचार खर्च, कर्मचारीको तलब, बिजुलीपानीलगायत अनिवार्य दायित्व पूरा गर्न बाँकी रहेको भए अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र यातायात व्यवस्था विभागसँग समन्वय गरी समितिको खातामा रहेको रकम भुक्तानी मिलाउन आग्रहसमेत गरिएको छ ।

एकाधिकार अन्त्यसँगै सार्वजनिक यातायात व्यवस्थालाई जनअपेक्षामोजिम सहज तुल्याउन बसपार्कको व्यवस्थापन, बाटो अध्ययन, दुर्घटना बीमालगायत विषयमा सरकारी निकायसँग समन्वय गर्न व्यवस्था मिलाउनुपर्ने बताइएको छ । हाल बाटो इजाजत प्राप्त गरी सञ्चालनमा रहेका सवारी साधनलाई अनिवार्य रुपमा कम्पनी, फर्म वा सहकारीमा दर्ता भई यातायात विभागमा पञ्जीकरण भएमा मात्र बाटो इजाजत नवीकरण गर्ने निर्णयसमेत गरिएको छ ।



# सडक निर्माणको कमिसन लिने कर्मचारी रंगेहात पक्राउ

सप्तरी / सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका पूर्वाधार योजना शाखाका सहायक कर्मचारी राजकुमार मण्डललाई घुस रकमसहित प्रक्राउ परेका छन् ।

उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले गत शुक्रबार पक्राउ गरेको हो । राजविराज नगरपालिका वडा नम्वर-५ स्थित गाउँपालिकाको सम्पर्क कार्यालयबाट ७० हजार घुस रकमसहित शुक्रवार दिउँसो उनलाई रंङ्गेहात पक्राउ गरिएको हो । तिलाठी कोइलाडी गाउँपालिका वडा नम्वर-३ स्थित सकरपुरा गाउँको सडकमा माटो र ग्राईभल सम्वन्धि कामको भुक्तानी वापत उपभोक्ता समितिसँग कमिशन रकम लिदै गर्दा मण्डललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको




टोलीले पक्राउ गरेको छ । पक्राउ परेका मण्डललाई आवश्यक अनुसन्धानका लागि आयोगको केन्द्रिय कार्यालय काठमाडौं स्थित टङ्गाल लगिने टोलीका अधिकृत उमेश अधिकारीले बताए ।

पक्राउ परेका मण्डल जिल्ला समन्वय समिति सप्तरीका 'गरिबसँग विशेश्वर कार्यक्रम'का समाजिक परिचालक समेत रहेको जनाएका छन् ।

यता पक्राउ परेका मण्डलले आफुबाट लिएको सापटी रकम फिर्ता गर्ने क्रममा षडयन्त्रपूर्ण रुपमा फँसाएको दाबी गरेका छन् ।


जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका | अन्नपूर्ण | कान्तिपुर | nagariknews | राजधानी | जनता टाइम्स

अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९

## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा




प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।


